नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(प्रदेश तथा स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४
चलानी नं 68

मितिः२०८३/५/४
ने.सं. ११४६

श्री स्थानीय तह सवै

विषयः भूमि व्यवस्थापन सम्वन्धी तालिम सञ्चालनमा समन्यव गरिदिने सम्वन्धमा ।

प्रस्तुत विषयमा भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र धुलिखेलको प.सं.०८३/८४, च.नं.९०, मिति २०८३/०५/०३ को स्थानीय तहका लागि भूमि व्यावस्थापन सम्वन्धी तालिम सञ्चालनमा आवश्यक समन्वय गर्न स्थानीय तहलाई अनुरोध गरेको पत्रको छायाँप्रति यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

प्रकाश पन्थी
शाखा अधिकृत

बोधार्थः
श्री भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र
धुलिखेल काभ्रे।
श्री सूचना प्रविधि शाखाःवेवसाईटमा अपलोड गरिदिनुहुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.- ४२००३०४
ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेवसाईटः- www.mofaga.gov.np

प्र.द.८८८
५१२

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र**
प्रशासन शाखा
धुलिखेल, काभ्रेपलाञ्चोक

कर्मचारी प्रशासन महाशाखा
भूमि व्यवस्थापन महाशाखा
✓ सङ्घीय मामिला महाशाखा
योजना तथा अनुगमन महाशाखा
प्रशासन सुधार महाशाखा
कानून महाशाखा

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र
धुलिखेल, काभ्रेपलाञ्चोक

प.सं. :- ०८३/८४
च.नं. :- ९०

मिति :- वि.सं. २०८३/०५/०३

ने.स. :- ११४६ गुंलाथ्व.७ बुधवार

विषयः स्थानीय तहका लागि भूमि व्यवस्थापन सम्बन्धी तालिम सञ्चालनमा आवश्यक समन्वय गरिदिन अनुरोध गरिएको बारे।

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्राशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

नेपालको संघीय शासन प्रणाली अन्तर्गत स्थानीय तहको अधिकार, जिम्मेवारी र कार्यक्षेत्र विस्तार हुँदै जाँदा भूमि व्यवस्थापनसँग सम्बन्धित विभिन्न कार्यहरू क्रमशः स्थानीय तहको तहगत जिम्मेवारी र कार्यसम्पादनसँग प्रत्यक्ष रूपमा जोडिन थालेका छन्। विशेषतः जग्गा प्रशासन सम्बन्धी सेवा स्थानीय तहमा हस्तान्तरण, स्थानीय तहको भूउपयोग योजना तर्जुमा तथा कार्यान्वयन, भूमिहीन सुकुम्बासी, भूमिहीन दलित तथा अव्यवस्थित बसोवासीको व्यवस्थापन, स्थानीय तहमा भूमि बैंक सञ्चालन, विकास निर्माण योजनामा भूमि तथा भू-सूचनाको प्रयोग, लगत कट्टा तथा भूमि अभिलेख व्यवस्थापन, भौगोलिक सूचना प्रणाली (GIS) को प्रयोग लगायतका विषयहरू स्थानीय तहका लागि महत्वपूर्ण कार्यक्षेत्रका रूपमा विकसित हुँदै गएका छन्।

उल्लिखित कार्यहरू प्रभावकारी, पारदर्शी, तथ्यमा आधारित र कानुनसम्मत ढङ्गबाट सम्पादन गर्न स्थानीय तहमा कार्यरत जनप्रतिनिधि तथा कर्मचारीहरूमा भूमि प्रशासन, सो सम्बन्धी कानून, भूउपयोग, जग्गा तथा भूमि अभिलेख, नापनक्सा, भौगोलिक सूचना प्रणाली (GIS) सम्बन्धी आवश्यक ज्ञान, सीप र व्यवहारिक क्षमता हुनु अत्यन्त आवश्यक देखिन्छ। यसका लागि स्थानीय तहको आवश्यकता र कार्यक्षेत्र अनुसार लामो अवधि तथा छोटो अवधिको तालिम कार्यक्रम सञ्चालन गरी संस्थागत तथा जनशक्तिगत क्षमता अभिवृद्धि गर्नु अपरिहार्य भएको छ।

भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रले भूमि प्रशासन, नापनक्सा, भूउपयोग, भौगोलिक सूचना प्रणाली (GIS), भूमि सम्बन्धी कानून तथा समग्र भूमि व्यवस्थापनका क्षेत्रमा विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्दै आएको सन्दर्भमा स्थानीय तहको विद्यमान आवश्यकता सम्बोधन गर्न निम्न प्रकारका तालिमहरू सञ्चालन गर्न सकिने देखिन्छः

१. **लामो अवधिको तालिमः** स्थानीय तहमा भूमि प्रशासन तथा व्यवस्थापनको जिम्मेवारी वहन गर्ने अधिकृत तथा सम्बन्धित प्राविधिक जनशक्तिका लागि भूमि सम्बन्धी कानून, जग्गा प्रशासन, भूउपयोग योजना, भूमि बजार तथा भूमि बैंक, भूमि अभिलेख, नापनक्सा, भौगोलिक सूचना प्रणाली (GIS), Remote Sensing, Global Navigation Satellite Systems (GNSS), Unmanned Aerial Vehicle (UAV), Digital Cadastre, भू-सूचना प्रणाली, भूमि विवाद व्यवस्थापन, विकास योजनामा भूमि व्यवस्थापन लगायतका विषय समेटिएको १ बर्ष अवधिको जुनियर नापी तालिम वा सो सरहको तालिम।

२. **छोटो अवधिको विषयगत तालिमः** स्थानीय तहका आवश्यकता र तत्कालीन कार्यभारका आधारमा जग्गा प्रशासन सेवा सञ्चालन, भूउपयोग योजना तर्जुमा, भूमिहीन तथा अव्यवस्थित बसोवासी व्यवस्थापन, भूमि बैंक सञ्चालन, लगत कट्टा, भौगोलिक सूचना प्रणाली (GIS), Remote Sensing, Global Navigation Satellite Systems (GNSS), Unmanned Aerial Vehicle (UAV), LiDAR डाटाको प्रयोग, विकास निर्माण योजनामा भूमि तथा भू-सूचनाको उपयोग जस्ता विषयमा छोटो अवधिका व्यावहारिक तालिम।

३. **कार्यस्थलमा आधारित क्षमता विकास कार्यक्रमः** स्थानीय तहमा देखिएका वास्तविक समस्या तथा कार्यसम्पादनका आधारमा, अनुभव आदान प्रदान, केस स्टडी, फिल्ड अभ्यास मार्फत क्षमता अभिवृद्धि गर्ने व्यवस्था।

४. **भूमि साक्षरता कार्यक्रमः** स्थानीय तहका सर्वसाधारण नागरिक, सरोकारवाला लगायतको लागि भूमि सम्बन्धी सामान्य व्यवहारिक जानकारी मूलक र सचेतना अभिवृद्धी गराउने खालको तालिम, छलफल, वा अडियो भिजुअल सामग्री निर्माण र अनलाईन प्रसारण, प्रकाशन स्थानीय तहमा भौगोलिक सूचना, नापनक्सा एवम् भूमि सम्बन्धी कार्यको प्रभावकारी कार्यान्वयनले व्यवस्थित भूउपयोग, सुरक्षित तथा व्यवस्थित जग्गा प्रशासन, भूमिहीन तथा अव्यवस्थित बसोवासीको उचित व्यवस्थापन, विकास निर्माणका लागि उपयुक्त भूमि छनोट, भूमि स्रोतको दिगो उपयोग तथा स्थानीय आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने भएकाले यस क्षेत्रमा क्षमता विकासलाई प्राथमिकताका साथ अघि बढाउन आवश्यक देखिन्छ।

अतः स्थानीय तहमा कार्यरत सम्बन्धित कर्मचारी तथा प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धिका लागि आवश्यकता पहिचान गरी भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रसँगको समन्वयमा लामो तथा छोटो अवधिको नापनक्सा एवं भूमि व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्न स्थानीय तहहरूलाई आवश्यक पत्राचार तथा समन्वय गरिदिनुहुन अनुरोध छ।

साथै, स्थानीय तहको आवश्यकता, कार्यक्षेत्र र उपलब्ध जनशक्तिको विवरणका आधारमा तालिमको विषय, अवधि, सहभागीको संख्या तथा प्राथमिकता निर्धारण, श्रोतको व्यवस्थापन (लागत साझेदारी वा स्थानीय तहको आर्थिक श्रोत) लगायत विषयमा स्थानीय तहसँग छलफल गर्ने सन्दर्भमा आवश्यक समन्वय र सहजीकरणका लागि अनुरोध गर्दछु।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Janak Raj Joshi
janakraj.joshi@nepal.gov.np

(जनकराज जोशी)
कार्यकारी निर्देशक

सादर अवगतार्थ :
माननीय मन्त्रीज्यूको सचिवालय;
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
बोधार्थ:
श्री नेपाल नगरपालिका संघ, लाजिम्पाट, काठमाडौं ।
श्री गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल, काठमाडौं ।